# खत्याड गाउँपालिकाको कार्यालय खत्याड, मुगुको

## सेनिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

खत्याड गाउँपालिका
कार्यपालिकाको कार्यालय
खत्याड,मुगु
कर्णाली,प्रदेश,नेपाल

**प्रथम पटक प्रकाशित मितिः २०७७।०२।२३**

***ठेक्का नं. KRM/NCB/SUPPLY/10/2076/077***

यस खत्याड गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुका छात्राहरुलाई चालू आ.व. २०७६।०७७ का लागि आवश्यक पर्ने सेनिटरी प्याड शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म (मिति २०७७।०३।०५ गते) खत्याड गाउँपालिकाको कार्यालय, खत्याड मुगुबाट कार्यालय समय भित्र सेनिटरी प्याडको दरभाउ पत्र फाराम यस कार्यालयबाट खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. दरभाउ पत्र खरिद गर्न आधिकारीक निबेदनका साथ अनिवार्य निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ । (क) औषधि व्यवस्था विभाग वा वाणिज्य विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी (ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी (ग) आ.व. २०७५।०७६ सम्म कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी (घ) प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा (ङ) फर्म वा व्यवसाय दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र (च) यस कार्यालयको माछापुच्छ्रे वैंक लि. खत्याड शाखा स्थित आन्तरिक राजश्व खाता नं. ७९०१५२४६५८१८००८८ मा रू. १०००।– (एक हजार) फिर्ता नहुने गरी जम्मा गरेको सक्कल भौचर ।

२. रितपूर्वक खरिद भएका दरभाउ पत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजे सम्म दर्ता गरि सक्नु पर्नेछ र सो शिलबन्दी दरभाउ पत्र मिति २०७७।०३।०६ गते दिनको ठिक २:०० बजे यस कार्यालयमा खोलिने छ ।दरभाउ पत्रदाता वा निजको प्रतिनिधी नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

४. दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलि पल्ट सोही समयमा हुनेछ ।

५. दरभाउ पत्र दाताले खत्याड गाउँपालिकाको कार्यालय मुगुको माछापुच्छ्रे वैंक लि. स्थित स्थानीय तह धरौटी खाता नं. ७९०१५२४६५८१८००५६ मा धरौटी रकम रू ५०,०००।– (अक्षरेपी पचास हजार मात्र) जम्मा गरेको भौचर वा मान्यता प्राप्त वैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट मान्य अवधि भएको) वैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

७. दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुवैमा अनिवार्य उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ ।

८. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. खरिद गरिने सेनिटरी प्याडको प्रयोग गर्ने अवधी यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा म्याद हुनेको हकमा ७५% वाँकी रहेको हुनु पर्नेछ ।

१०. दरभाउ पत्र दाताले आफूले दिन चाहेको सेनिटरी प्याडको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्ट संग उल्लेख गर्नु पर्नेछ ।

११. शिलबन्दी दरभाउ पत्र स्वीकृत भए पछी सम्झौता गर्न आउँदा हुन आउने रकम यस कार्यालयको माछापुच्छ्रे वैंक लि. खत्याड शाखा स्थित स्थानीय तह धरौटी खाता नं. ७९०१५२४६५८१८००५६ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का शर्त रहेको कुनै मान्यता प्राप्त वैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफर्मेन्स ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

१२. दरभाउ पत्रमा उल्लेखित सेनिटरी प्याडको परिमाण कार्यालयले आवश्यकतानुसार थपघट गर्न सक्नेछ, थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन ।

१३. दरभाउ पत्र दाखिला गर्दा दरभाउपत्र साथ आफूले सप्लाई गर्ने प्रत्येक सेनिटरी प्याडको नमूना शिलबन्दी गरी छुट्टै पेश गर्नु पर्नेछ ।

१४. दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको आधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फाराम मात्र खरिद गर्नु पर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउ पत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नु पर्नेछ ।

१५. एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउ पत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाईएमा निजले पेश गरेको दरभाउ पत्र अमान्य हुनेछ ।

१६. आफूले सप्लाई गर्ने प्रत्येक सेनिटरी प्याड औषधी व्यवस्था विभाग वा वाणिज्य विभागमा दर्ता भएको हुनु पर्नेछ ।

१७. दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।

१८. सेनिटरी प्याडको न्यूनतम मापदण्ड "सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६" को अनुसूची-१ बमोजिम हुनु पर्नेछ ।

१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

२०. सेनिटरी प्याडको लागत अनुमान अंक मु.अ. कर सहित रु १९,९५,०००।– (अक्षरेपी उन्नाइस लाख पन्चानब्बे हजार मात्र) रहेको छ ।

२।२३

.......................................

दिप बहादुर कार्की

नि. प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका, मुगु

दिप बहादुर कार्की
...अधिकृत